पशु व्यवसायका लागि आवश्यक सेवा सुविधा तथा सचेनता अभिबृद्धि भई व्यवसायिक भावनाको बिकास भएको छ ।
साना सिचाई कार्यक्रमबाट खेतियोग्य जमीनमा सिचाई सुविधा उपलब्ध भएको छ ।
कृषक पाठशालाको माध्यमबाट अर्गानीक एवं जैविक खेतिप्रविधिको विकास भएको छ ।
सामुदायिक भवन निर्माण भई धार्मिक पर्यटकहरुलाई पर्याटकिय सेवा सुविधा उपलब्धताको आधार तयार भएको छ ।
यस प्रदेशको प्रमुख तिर्थस्थलको रुपमा रहेको **राजदेवी मन्दिर**का साथै न.पा.भित्रका अन्य धार्मीक एवं पर्यटकिय क्षेत्रहरुको पहिचान एवं पुर्वाधार निमार्ण भएको छ ।

**चुनौतिहरु:**

नागरिकहरुमा व्यवसायिकताको भावनाको विकास गर्नु ।
कृषिजन्य वस्तु तथा सेवाको उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गरि रोजगारी सिर्जना गर्नु ।
कृषि उत्पादनमा विविधिकरण एवं व्यवसायीकरण गर्नु ।
पर्यटकिय क्षेत्रहरुको पहिचान,प्रचार प्रसार, संरक्षण एवं सर्म्बद्धन गर्नु ।

**१.१.२ सामाजिक विकास :**

यस नगरपालिकाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, खेलकुद तथा मनोरञ्जन र लैगिक समानता तथा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकतामा राखि चालु आ.व.को अन्त्य सम्ममा रु २,३७,५९,८००।०० रकम विनियोजन गरेको थियो । यसबाट यस न.पा.का समग्र समाजिक प्रभावलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**गत आ.व.का उपलब्धिहरु :**

विद्यालयहरुमा E-Library स्थापना भई शैक्षिक गुणस्तर अभिबृद्धि गर्न मद्दत पुगेको छ ।
विद्यालयहरुको भौतिक पुर्वाधार तथा संरचनामा सुधार भई सरोकारवालाहरुको जबाफदेहिता बढेको छ ।
आर्थिक रुपले विपन्न, महिला,बृद्ध तथा अशक्तहरुको स्वास्थ्य सेवामा पहुँच बढेको छ ।
स्वच्छखानेपानी सेवा उपलब्धताको विस्तारले आमनागरिकको जिवनशैलीमा सहजता आएको छ ।
न.पा. भित्रका विभिन्न जातजाति तथा समुदायहरुमा संस्कृतिक जागरुकता बढेको छ ।
महिला सचेतना अभिबृद्धि भई महिलाहरुमा सामाजिक सचेतना अभिबृद्धि भएको छ ।

**चुनौतीहरु :**

सामुदायिक बिद्यालयहरुको संरचनात्मक पक्षमा सुधारगरि शैक्षिक गुणस्तर अभिबृद्धि गर्नु ।
स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच बढाउनु ।
सामाजमा ब्याप्त कुरिति एवं विसंगति हटाई जातिय तथा लैंगिक समता कायम गर्नु ।

**१.१.३ पूर्वाधार विकास :**

यस नगरपालिकाले स्थानीय सडक,पुल,सिंचाइ, भवन तथा सहरी विकास,उर्जा लघु तथा साना जलविद्युत, सञ्चार क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखि चालु आ.व. को अन्त्य सम्ममा रु ५,८८,८३,२००।०० रकम विनियोजन गरेको थियो । यसबाट यस न.पा.का समग्र पुर्वाधार विकासको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएंको छ ।